# अनुगमन तथा मूल्याकंन निर्देशिका

२०७४

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र

## नेपालगंज-१०, बाँके

**केन्द्रीय कार्यलय नेपालगंज-१०, हसपिटल रोड, बासकोटा मार्केट**

# विषयसुची


परिच्छेद १ ....................................................................................................................3

१ परिचय ........................................................................................................................3

१.१ संस्थाको पृष्ठभुमी/परिचय ...........................................................................................3

लक्ष्य ..............................................................................................................................3

उद्धेश्य.............................................................................................................................4

१.२ संस्थाले सम्बोधन गर्ने सवाल....................................................................................5

२ निर्देशिकाको उद्देश्य ......................................................................................................6

परिच्छेद २......................................................................................................................6

३.१ अनुगमन तथा मुल्याकंनको अवधारणा.......................................................................6

३.२ संस्थामा अनुगमन मूल्याकंन ......................................................................................6

३.२.१ अनुगमन.................................................................................................................7

३.२.२ मूल्याकंन ...............................................................................................................7

अनुगमन रुपरेखा ...........................................................................................................7

मूल्याकंन रुपरेखा ..........................................................................................................7

३.३ नतिजामा आधारीत अनुगमन तथा मूल्याकंन..............................................................8

अनुगमन कार्ययोजना .......................................................................................................8

मूल्याकंन कार्ययोजना ......................................................................................................9

३.४ संस्थामा Result Chain/परिणाम प्रकृया (Result Chain..................................................10

३.४.१ सूचनाको हक .......................................................................................................10

३.४.२सुशासन.................................................................................................................12

३.४.४ सुशासन................................................................................................................14

३.४.५मानव अधिकार र शान्ती............................................................................................16

३.५ अनुगमन प्रणालीको विषेशता......................................................................................19

३.६ अनुगमनका चरणहरु ...................................................................................................19

परिच्छेद ३.....................................................................................................................19

३.७ परियोजना/कार्यक्रममा अनुगमन तथा मूल्याकंन विधि/प्रकृया ....................................19

३.८ संस्थामा अनुगमन तथा मूल्याकंनको क्षेत्र....................................................................20

३.९ तथ्याङ्क संकलन विधि................................................................................................21

## परिच्छेद १

### १. परिचय

#### १.१. संस्थाको पृष्ठभुमी/परिचय

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र **(IHRC)** नेपालगन्जले सूचनाको हक, सुशासन र मानव अधिकार र सामाजिक सदभाव तथा शान्तीका क्षेत्रमा काम गर्ने एक गैह्र सरकारी संस्था हो । सुचना तथा सञ्चार, मानव अधिकार, कानुन, समाजसेवा, अधिकारको क्षेत्रमा विशेष योगदान दिएका व्यक्तिहरुको समुह मिलेर यो संस्था निमार्ण गरिएको हो । यस संस्थाले स्थापनाकालदेखि नागरिकको सूचनाको हक प्रत्याभुत गराउन प्रतिवद्ध भइ विभिन्न कार्यकम तथा अभियान सञ्चालन गर्दै आएको छ । विशेष गरि मानव अधिकार, विभिन्न मौलिक अधिकार, सूचनाबाट बञ्चित रहेका नागरिकहरुको अधिकार सुनिश्चित गर्ने, वकालत गर्ने र विभिन्न सार्बजनिक निकायमा पहुच अभिवृद्धि गर्नमा विशेष भुमिका निर्वाह गर्दै आएको छ ।

एउटा संस्थाको लागि आर्थिक तथा प्रशासनिक नियमावली महत्वपूर्ण अंग हुनुको साथै यसले संस्थाको समग्र व्यवस्थापन तथा दक्षतामा विशेष योगदान पुऱ्याउने कार्य गर्दछ । संस्थाको दैनिक कृयाकलाप तथा कार्यक्रमहरु सुचारु ढंगबाट संचालन गर्न तथा आशातित उपलब्धि प्राप्त गर्नमा समेत अहम भूमिका निर्वाह गर्ने भएकोले सूचना र मानव अधिकार अनुसन्धान केन्द्रको विधान २०६९ अनुसार संस्थामा काम गर्ने जनशक्तिको परिचालन तथा तथा प्रभावकारिता बढाउने उद्देश्यले यो आर्थिक तथा प्रशासनिक नियमावली तयार गरीएको छ । यो नियमावलीलाई कार्यसमितिको मिति २०७४ चैत १३ गते बसेको बैठकले पास गरि आउने साधारण सभाबाट अनुमोदन गरिनेछ । यो आर्थिक तथा प्रशासनिक नियमावलीलाई कार्यसमितिको बैठकबाट पास भएको मितीदेखि लागू हुनेछ । यस नियमावलीलाई आवश्यकता अनुसार संसोधन/परिमार्जन समेत गर्न सकिनेछ ।

**संस्थाको परिकल्पना :**
**आत्मसम्मानसहितको गुणस्तरीय जीवन**

↓

**संस्थाको ध्येय:**

**सुशासन, सूचनाको हक, मानव अधिकार र शान्तीको अवस्थामा सुधार ल्याउने ध्येयका साथ संस्थाले प्रतिवद्ध भएर कार्य गर्नेछ।**

↓

**संस्थाको लक्ष्य/उद्देश्य :**

**लक्ष्य**

- सार्वजनिक निकायहरुलाई सूचनामैत्री बनाई प्रभावकारी सूचना प्रवाह सेवाको अवस्थामा सुधार ल्याउने

- सहभागिता, जवाफदेहिता, तथा पारदर्शिताको प्रभावकारी कार्यान्वयबाट सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने
- मानव अधिकारको संरक्षण र प्रवर्धन गर्दै मानव अधिकार हननका घटनाहरुमा कमी ल्याउने
- नेपाल सरकारका ऐन, कानून, नीति नियम, निर्देशिकाहरुलाई प्रभावकारी कार्यान्वयन प्रक्रियामा सुधार ल्याउने
- समाजमा शान्ती र सामाजिक सदभाव अभिवृध्दि गर्ने

**उध्देश्य**

- नागरिक हक, उपभोक्ता अधिकार तथा कर्तव्य, मानव अधिकार, वाल अधिकार, लैगिक समानताको संरक्षण र प्रर्वधन, गर्ने
- स्वास्थ्य, शिक्षा, सुशासन, कानून, सूचना, कृषी, भूमिमा आम नागरिकहरुको पहुंच तथा अधिकार अभिवृध्दि गर्ने
- मधेश, मुस्लिम, महिला, दलित, आदिवासी जनजाती, अपांग, विपन्न, वालवालिका, जेष्ठ नागरिक, विपद बाट प्रभावित र सिमान्तकृत समुदायको मानव अधिकार र समावेशी संयन्त्रको पहुंच वृध्दि गर्ने
- नागरिकका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, राजनीतिक अधिकारको वारेमा सुसुचित गर्ने
- विभिन्न प्रकारका विभेद, असमानता, दुर्व्यवहार, अपमान, हेला, लाई न्यूनिकरण गर्ने

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले सूचनाको हक सुशासन र मानव अधिकारका क्षेत्रमा काम गर्ने एक गैह्र सरकारी संस्था हो । सुचना तथा सञ्चार, मानव अधिकार, कानुन, समाजसेवा, अधिकारकर्मी, अगुवाका क्षेत्रमा विशेष योगदान दिएका व्यक्तिहरुको समुह मिलेर यो संस्था निमार्ण गरिएको हो । यस संस्थाले स्थापनाकालदेखि नागरिकको सूचनाको हक प्रत्याभुत गराउन प्रतिवद्ध भइ विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्दै आएको छ ।
स्थानीय तहमा रहेको विभिन्न सार्वजनिक निकायमा सर्बसाधारणको पहुँच अभिबृद्धि, सहभागीता र सुशासन कायम गर्नमा विशेष भूमिका निर्वाह गर्दै राज्यलाई सहयोग पुऱ्याउनमा मद्दत गरेको छ भने समुदायलाई आफना हक अधिकारका बारेमा जागरुक बनाउनमा सहयोग पुरयाउने कार्य गर्दै आएको छ । विशेष गरि मानवअधिकार, विभिन्न मौलिक अधिकार, सूचनाबाट बञ्चित रहेका नागरिकहरुको अधिकार सुनिश्चित गर्ने, वकालत गर्ने र विभिन्न सार्बजनिक निकायमा पहुच अभिवृद्धि गर्नमा विशेष भुमिका निर्वाह गर्दै आएको छ

अहिलेको वर्तमान सन्दर्भमा पहुँचवालाहरुले मात्र सम्पुर्ण राज्यको स्रोतलाई उपयोग गरिरहेको देखिन्छ । यसर्थ भुमिहीन, मुक्तकमैया, गरिब, विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, समानता तथा न्यायका लागि सम्बन्धीत निकायलाई जवाफदेही बनाउने अभियानमा निरन्तर यस सूचना र मानव अधिकार अनुसन्धान केन्द लागि परेको छ ।

## १.२. संस्थाले सम्बोधन गर्ने सवाल

संस्थाले प्रदेश न ५ मा रही सूचनाको हक सम्बन्धि कुराहरुमा धेरै नागरिकहरु सुसूचित भएको र नागरिकहरुले सूचना प्राप्त गर्न थालेको सूचनाको हक सम्बन्धि ऐन २०६४ लाई सेवाग्राही लगायत सेवा प्रदायक निकायहरु समेतलाई अझ बढी जानकारी भएको ले सूचनाको माग हुना साथ उपलब्ध गराईने गरेको अनुभव, RTI कै कारणले अदालतले विभिन्न किसिमका जनसरोकारका मुद्धाहरुलाई सम्बोधन गरेको जस्तै नेपाल विद्युत प्राधिकरणले नेपालगंजमा दैनिक हुने गरेको लोड सेडिङ्ग हटाएको, दूर सञ्चार लिमिटेडले लाईन जडान गर्नमा ढिलाई गर्ने व्यवहारमा परिवर्तन गरेको, नागरिकहरुले सूचनाको हक सम्बन्धि कानूनको महत्व बुझ्नाले सेवाप्रदायक कार्यालयहरुले राम्रो सेवा प्रवाह गरि रहेको अवस्था, बाँके कै साविक गनापुर गा.वि.स. नमूना सूचना मैत्री गा.वि.स. बन्न सफल भएको, नागरिकहरु सूचनाको हकमा सुसूचित भएको कारणले धेरै जसो सेवा प्रदायक निकायहरुमा सुशासन कायम हुने तिर अग्रसर भएको अनुभुति भएको, सूचना अभियन्ताहरु निर्माण ४ वटा संजाल भएको जस्मा १०० जना संलग्न छन् र सूचनाको हकमा कार्य गरिरहेको स्थानीय तहबाट बजेट छुटयाउन सफल भएको (साविक बेलहारी, गनहापुर, कम्दी गाविस, नगरपालिका, जिविस) नगरपालिकाले १० वडामा सूचनाको हक सम्वन्धि अनुशिक्षण गरेको, जिविसले ५० हजारबाट एक निर्वाचन क्षेत्रमा अभिमुखिकरण गरेको नेपालगंज लगायत वरीपरीका सार्वजनिक सरोकारका निकायहरुमा सूचना अधिकारीहरु तोकिएको, सूचनाको हक ऐन २०६४ लाई आधार मानेर मागिएका सूचनाहरु उपललब्ध नगराएका निकायहरुलाई Public Interest Litigation (PIL) सार्वननिक जनहित याचिका दायर गरी उनिहरुलाई सूचनाको हकको सम्मान गर्न दवाव दिई अदालत मार्फत अनुशासित बनाउन सफलता प्राप्त गर्न सफल रहेको, (१२ वटा जति विधुत प्राधिकरण, सडक दुर्घटनाकालागि यातायात कार्यालय, जनस्वास्थ्य कार्यालय, जिल्ला प्रशासन, शिक्षा, भेरी अंचल अस्पताल) सुधार आएको , बोर्डिड. स्कुलले शुल्क बढी लिएकोमा पछि कम गरेको, विधुतले लोड सेडिड.हटाएको, शौचालय नवनाएकोमा सार्वजनिक सेवा अवरोध गरेकोमा पछि उपलव्ध गराएको, आमाको नामबाट नागरिकता दिएको नेपालमा दोश्रो, स्वास्थ्यमा महंगा उपकरण प्रयोग नगरेको र यस सम्वन्धि कार्य भैरहेको) बांके र वर्दियामा सूचना अधिकारी तोक्ने र तीन तीन महिनामा सूचना सार्वजनिक गर्ने वारेमा पिआइएल र आरटीआई निवेदन पछि ६० प्रतिशत कार्यालयले सूचना अधिकारी तोकेको र भूमिसुधार कार्यालय वर्दियाले तीन तीन महिनामा सूचना पठाउने गरेको रानी तलावमा ७ वर्ष देखि चुनाव नभएको, आर्थिक पारदर्शिता नभएको र वर्षमा ३० लाख उठने सवालमा सूचना माग गर्दा विवाद बढेको, ज्यान मार्ने धम्की समेत आएको र अन्तिममा समितिका अध्यक्षले २५६००० तिर्ने गरी व्यवस्था मिलाएको र चुनाव भएको जस्ता कार्यहरु गर्न सफल भएको । चुनावी प्रक्रियाबाट समिति भएको , भ्रष्टाचार वाहिर आएको र पिडित किसान समितिमा समावेश (तरकारी पसल राख्न नदिएको) नापी कार्यालयमा ट्रेस नक्शा तत्काल उपलव्ध नगराएकोमा पछि तुरुन्त उपलव्ध गराएको, मालपोतमा  सूचनाको हक सम्बन्धि कुरा उठ्नासाथ बढि जसो नागरिकहरुले IHRC को नाम लिने अभ्यासको अनुभव बटुल्न सफल भएको

## २. निर्देशिकाको उद्देश्य

यो अनुगमन तथा मुल्याकंन निर्देशिकाको उद्देश्य भनेको संस्थाले संचालन गरिहेको विभिन्न कार्यक्रम/परियोजनाहरुलाई सहि दिशामा मार्गदर्शन गर्न तथा कार्यक्रम/परियोजना र कर्मचारीहरुको कमीकमजोरीहरुलाई औंल्याई सुधारका उपायहरु अबलम्बन गर्न मद्दत गर्नेछ । यसले विभिन्न संस्थागत सवालहरुलाई पहिचान गरी पृष्ठपोषणका लागि कार्यसमितिकासदस्य, निर्देशक र कर्मचारीहरुको अनुगमन तथा मूल्याकंन गर्नेछ । यसको उद्देश्यहरुलाई बुदाँगत रुपमा प्रस्तुत गरिएको छ ।

- संस्थागत रुपमा संचालन भइरहेको कृयाकलापलाई प्रभावकारी बनाउन।
- कार्यसमिति सदस्य तथा कर्मचारीहरुलाई मार्गनिर्देशन प्रदान गर्न ।
- कार्यप्रगती बारे जानकारी हासिल गर्न।
- व्यवस्थापनलाई लक्ष्य अनुसार प्रगती हासिल गर्न केही कठिनाई देखा परेको भए त्यसलाई समाधान गर्न ।
- आयोजनाको कार्यान्वयन पक्षलाई सक्षम बनाई आयोजनाको चरणहरुको योजना बद्धरुपले मुल्यांकन गर्न ।
- संस्थागत क्षमतालाई अभिवृद्धि गर्दै कार्यक्रम/परियोजनाहरुका प्रगती हासील गर्न ।

# परिच्छेद २

## ३.१. अनुगमन तथा मुल्याकंनको अवधारणा

यो अनुगमन तथा मूल्याकंन निर्देशिकाले यस संस्थाद्धारा संचालन भइरहेका कार्यक्रम/परियोजनाहरुको उपलब्धी हासील गर्नका लागि सहि दिशामा मार्गदर्शन गर्नेछ । साथै निर्धारीत योजना अनुसार कुनै योजना ठीक समयमा उचीत परिणाम, उपयुक्त साधन लगाएर, निर्धारीत तरीकाले लक्षित नतिजा हासिल (उत्पादन) गर्न आयोजना कार्यन्वयन गरी आवश्यक सुचना संकलन अनुसार सुदृढीकरण प्रक्रियालाई अगाडी बढाउनेछ । त्यस्तै अनुगमन र मूल्याकंन व्यवस्थापनको एउटा महत्वपुर्ण अंग भएकोले आयोजनामा तय गरे अनुसारको जे, जसरी, जती, जहिले गर्ने भनिएको हो त्यो भयो की भएन भनेर हेर्ने कार्य गर्नेछ । अनुगमन तथा मूल्याकंन सम्बन्धित ब्यक्तिले मात्र गर्नेछ । यो व्यवस्थापन लाई मध्यनजरगर्दै कार्यक्रमको कार्यन्वयन गर्ने पद्दती भएकोले उद्देश्य प्राप्ति निर्दिष्ट गर्न मद्दत पुऱ्याउनेछ । त्यसैगरी यस निर्देशिकाले संस्थाले संचालन गरेका कृयाकलापहरु कतिको सान्दर्भिक र लाभग्राही संग सम्बन्धीत छन् भन्ने कुराको लेखाजोखा गरी संस्थाको उद्देश्य अनुसार कार्यक्रम/परियोजनाहरुको योजना बनाउनमा समेत सहयोग प्रदान गर्नेछ ।

## ३.२. संस्थामा अनुगमन मूल्याकंन

यस निर्देशिकाले संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै कार्यक्रम/परियोजनाहरुको नतिजा प्राप्त गर्नका लागि सहयोग प्रदान गर्नेछ । संस्थाले यस निर्देशिकालाई लागु गरी प्रणालीबद्ध रुपमा कार्यक्रम/परियोजना तथा कार्यसमिती सदस्य, कर्मचारीहरुको अनुगमन तथा मूल्याकंन गर्नेछ । त्यस्तै लाभग्राहीहरु संस्थाले संन्चालन गरेको कार्यक्रमहरुवाट सन्तुष्ट छन् वा छैनन् भन्ने कुराको मापन गर्न

समुदाय संग प्रत्यक्ष रुपमा छलफल गरी सोही बमोजिमको योजना निर्माण गर्न सक्नेछ भने लक्षित समुदायहरुको वास्तवीक समस्याहरुलाई पहिचान गर्न सक्नेछ । संस्थाले यो निर्देशिका बमोजिम लक्षित लाभग्राहीहरुलाई फाइदा पुऱ्याईकार्यक्रम/परियोजनाहरुको उपलब्धीमुलक नतिजा प्राप्त गर्न समयमै मार्गनिर्देशन गर्नेछ ।

३.२.१.**अनुगमन**

- निर्धारीत योजना अनुसार कुनै योजना ठीक समयमा उचीत परिणाम,उपयुक्त साधन लगाएर,निर्धारीत तरीकाले लक्षित नतिजा हासिल(उत्पादन) गर्न आयोजना कार्यन्वयनको कममा गरिने अवलोकन सुचना संग्रह र सुदृढीकरण प्रक्रियालाई अनुगमन बुझिनेछ ।
- अनुगमन भन्नाले व्यवस्थापनको एउटा महत्वपुर्ण अंग भएकोले आयोजनामा तय गरे अनुसारको जे, जसरी,जती,जहिले गर्ने भनिएको हो सोबमोजिम भयो की भएन भन्ने हेर्नेछ र Monitoringसम्बन्धित व्यक्तिले गर्नेछ ।
- अनुगमन एक यस्तो पद्दती हो, जसले व्यवस्थापन अनुसार कार्यक्रमको कार्यन्वयन को मुल्यांकन गरी उद्देश्य प्राप्ति निर्दिष्ट गर्न मद्दत पुरयाउनेछ ।

३.२.२. **मूल्याकंन**

- कार्यक्रम/परियोजनाहरुको सफलताको लागी गरीने लेखाजोखा प्रणालीलाई बुझिनेछ ।
- कार्यक्रम/परियोजनाहरुको बिशेष उद्देश्य अनुसार प्रभावकारीता, दक्षता, असर/प्रभाव तथा दिगोपनाका लागि गरिने प्रकृयालाई मुल्याकंन बुझाउनेछ ।
- कार्यक्रम/परियोजनाहरुको योजनालाई जाँच गर्दै समग्र उद्देश्य तथा लक्ष्य प्राप्त गर्ने ।

**अनुगमन रुपरेखा**

| Result Chain | indicators | Baseline data | Means of verification | What to measure | Responsibility | Time frame for measurement | When and whom to report |
|---|---|---|---|---|---|---|---|
| Goal: Goal of the organization | | | | | | | |
| Objectives : org Obj | | | | | | | |
| Outcome : Thematic outcome | | | | | | | |
| Output | | | | | | | |
| Activity | | | | | | | |

मूल्याकंन रुपरेखा

| Result Chain | indicators | what to mesure | How to mesure | Who will mesure | When to mesure | Teniques tools & methods used for | When and whom to report |
|---|---|---|---|---|---|---|---|

| | | | | | | measuring | |
|---|---|---|---|---|---|---|---|
| Goal | | | | | | | |
| Objectives | | | | | | | |
| Outcome | | | | | | | |
| Output | | | | | | | |
| Activity | | | | | | | |
| Inputs | | | | | | | |

### ३.३. नतिजामा आधारीत अनुगमन तथा मूल्याकंन

संस्थाले संचालन गरेको कार्यक्रम/परियोजनाहरुकोअनुगमन मूल्याकंन नागरीकहरु संग सम्बन्धीत हुनका लागि तपसिल समयरेखामा आधारीत भएर गर्न सकिनेछ ।

- **पहिलो चरण :**कार्यक्रम्/परियोजनाहरुको महत्व अनुसार उपलब्धीमुलक नतिजा हासिल गर्न र प्रभावकारीता अभिवृद्धि गर्न सरकारी निकायबाट अनुगमन तथा मूल्याकंन गर्न सकिनेछ । त्यस्तै त्यस कार्यक्रम/परियोजनाहरुबाट संचालन गरिएका कृयाकलापहरुलाई थप प्रभावकारी बनाउनका लागि स्थानिय निकायको तर्फवाट लगानीका लागि अनुरोध गर्न सकिनेछ भने आवश्यकता अनुसार नागरीक, राजनितिक दल तथा अन्य निकायहरुले पनि अनुगमन मूल्याकंन गर्न सक्नेछन् ।
- **मध्य चरण :** यस अन्तरगत कार्यसमिति सदस्य, उच्च व्यवस्थापन समिति, नागरीक समाज संस्था तथा तेस्रो व्यक्ति, समुहहरुको सहकार्यतामा अनुगमन तथा मूल्याकंन गर्न सकिनेछ ।
- **अन्तिम चरण :** यस चरण अन्तरगत कार्यान्वयन गर्ने निकाय, स्थानिय निकाय, सरोकारवालाहरु, मिडिया तथा तेस्रो पक्षबाट कार्यक्रम/परियोजनाहरुलाई दिगो राख्न अनुगमन तथा मूल्याकंन गर्न सकिनेछ ।
- **असर/प्रभावहरु :** कार्यक्रम/परियोजनाहरु सकिएको २–५ वर्ष सम्मको अवधिमा स्थानिय निकायको साझेदारी तथा तेस्रो पक्षको आवश्यकता अनुसार त्यस कार्यक्रम/परियोजनाहरुबाट प्राप्त भएका नतिजा तथा उपलब्धीका विषयमा अनुगमन तथा मूल्याकंन गर्न सकिनेछ ।

**अनुगमन कार्ययोजना**

| Result Chain | Indocators | Program / Activities | Baseline Data | Time for monitoring | Resonsible person to monitor | Source of Data | Authority to analyze | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| Goal | | | | | | | | |
| Objective | | | | | | | | |
| Outcome | | | | | | | | |
| Output | | | | | | | | |
| Activities | | | | | | | | |
| Input | | | | | | | | |

मूल्यांकन कार्ययोजना

| Result Chain | Indocators | Program / Activities | Baseline Data | Time for evaluation | Type of evaluation | Source of Data | Process to be adopted for evaluation | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| Goal | | | | | | | | |
| Objective | | | | | | | | |
| Outcome | | | | | | | | |
| Output | | | | | | | | |
| Activities | | | | | | | | |
| Input | | | | | | | | |

३.४. संस्थामा Result Chain/परिणाम प्रकृया (Result Chain)

**३.४.१सूचनाको हक**

| नतीजा | सूचक | वेसलाइन | | | | | | प्रमाणित गर्ने आधार | जिम्मेवार व्यक्ति | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| **प्रभावः** सूचनामैत्री वातावरण तयार भै सेवाग्राही र सेवा प्रदायको सम्वन्ध सुमधुर, सेवाग्राहीहरु सुसुचित भै सहज रुपमा सूचना प्राप्त गरेको हुनेछन् | संतुष्टीको तह | १ % | ५ % | १० % | २० % | ३० % | ४० % | संतुष्टी मापन सर्भेको प्रतिवेदन | | सूचनाको हक र स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधानहरु कार्यान्वयन भएको हुने |
| परिणाम १ : प्रत्येक सार्वजनिक निकायमा सूचना शाखा स्थापना, सूचना अधिकारी तोकिएको र ३ ३ महिनामा सूचना प्रकाशन गरिएको भएको हुनेछ | सूचना शाखा र सूचना अधिकारी तोक्ने निकाय संख्या सरकारी /गैर सरकारी को प्रतिशत | ६०/५ % | ६५/१० % | ७०/२० % | ८०/३० % | ९०/४० % | ९५/५० % | सूचना शाखा र सूचना अधिकारीको नाम | | ,, |
| | ३ ३ महिनामा सूचना प्रकाशन गर्ने निकायको संख्या | २ | ५ | १० | १० | | | ३, ३ महिनाको प्रतिवेदन | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| परिणाम २ : सेवाग्राहीहरु सूचना माग गर्ने, सोधीखोजी गर्ने अभ्यासमा वृध्दि भएको हुनेछ | सेवाग्राहीले माग गरेको संख्या | ४० | १०० | १०० | १०० | १०० | १०० | | | ,, |
| प्रतिफल १.१ सार्वजनिक निकायले पनि सूचना दिनुपर्छ भन्ने भावनाको विकास भै सूचना समयमै दिएको हुनेछ | मागेको सूचना दिने प्रतिशत | ५० % | ६० % | ७० % | ८० % | ९०% | ९५ % | | | ,, |
| प्रतिफल १.२ स्थानीय स्तरको एफएम संचालन भएको हुनेछ | एफएमको संख्या | ० | ० | ० | ० | ० | १ | | | |
| प्रतिफल २.१ सार्वजनिक निकायहरुमा प्रत्यक्ष सरोकार राख्ने खालका सूचना माग गर्ने संख्या वृध्दि गर्ने (बाढी पिडितको, स्वच्छ वातावरण, मुल्य सूची टांस, समान ज्याला र ज्यालामा शोषण, शिक्षा, व्रालवालिका, लाभान्वित वर्ग) | सूचना माग गरिएको संख्या | ४० | १०० | १०० | ११० | १०० | १०० | | | ,, |
| | पिआइएल को संख्या | १५ | ५ | ४ | ३ | २ | १ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्लीन एण्ड ग्रीन अभियानको संख्या | | | | | | | | |
| २.२ स्थानीय आरटिआई सेन्टरको स्थापना भएको हुनेछ | स्थानीय आरटिआई सेन्टरको संख्या | १ | १ | १ | १ | १ | १ | | |
| २.३ सूचना मैत्री वडा या गाउंपालिका घोषणा गर्ने | सूचना मैत्री वडा या गाउंपालिकाको संख्या | जानकी गाउंपालिका वडा ६ मात्र | १ | १ | १ | १ | १ | | ,, |

### ३.४.२सुशासन

| नतीजा | सूचक | वेसलाइन | | | | | | जिम्मेवार व्यक्ति | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| प्रभाव: सवै सेवाग्राहीहरुले राज्यबाट दिने सेवा सुविधाहरु उपभोग गरी जीवनस्तरमा सुधार ल्याएका हुनेछन् | सेवाग्रहीको संतुष्टीको स्तर | | | | | | | | सुशासन ऐन प्रभावकारी कार्यान्वयन भएको हुनेछ रराजनीतिक वातावरण सहज भएके हुनेछ |
| **परिणाम १ :** सार्वजनिक सेवा प्रदायक निकायहरुले राज्यका ऐन, कानून, नीति नियमा प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेका हुनेछन् | सामाजिक जवाफदेहिता ५ वटै औजार प्रयोग गर्ने निकाय | गाविसले सार्वजनिक सुनुवाई र जनस्वास्थय सामाजिक परिक्षण | १ औजार | २ औजार | ३ औजार | ४ औजार | ५ औजार | | ,, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकायत पेटिका र गुनासो सुन्ने अधिकारी राखेको निकाय र कार्यान्वयन | | ५ | ६ | ७ | ८ | १० | | |
| | डिजिटल नागरिक पत्र राख्ने निकाय र कार्यान्वयन | ०% | २ % | ३ % | ४ % | ५ % | ६% % | | |
| **परिणाम २:** सेवाग्राही पनि आफनो हक अधिकार र सेवा लिने प्रक्रिया प्रति सचेत भै सेवा लिन जाने सेवाग्राहीको संख्या वृध्दि भएको हुनेछ । | सेवा लिन जानेको संख्या | | | | | | | | ,, |
| | योजना तर्जुमा र निर्णय प्रक्रियामा लक्षित समुदायको मागको समावेश भएको संख्या | | ५ % | १० % | १५ % | २० % | २५ % | | |
| **प्रतिफल १.१**ऐन, कानूनको प्रभावकारी कार्यान्वयन र सामाजिक जवाफदेहिताका औजारहरु र पारदर्शी र जवाफदेही हुनुपर्छ भन्ने भावना सेवा प्रदायकहरुमा विकास भएको हुनेछ | सेवा प्रदायकलाई सुशासन सम्वन्धि तालिम संख्या | ० | १ | २ | ३ | ४ | ५ | | ,, |
| **प्रतिफल १.२** | | | | | | | | | |
| प्रतिफल २.१ परिणाम २: सेवाग्राही आफनो हक अधिकार र सेवा लिने प्रक्रियामा सचेत भएका हुनेछन | सुशासन सम्वन्धि तालिम लिने सहभागीको संख्या ( लाभान्वित वर्ग) | | १०० | १५० | २०० | २५० | ३०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २.२ स्थानीय सभाले प्रभावकारी रुपमा समन्वय गरेको हुनेछ | गाउंपालिका स्तरको स्थानीय सभाको संख्या | ४ | २ | २ | २ | २ | २ | | ,, |
| | जिल्ला स्तरको सार्वजनिक तथा निजि समुहको ( पिपिडव्लुजी) संख्या | २ | १ | | १ | | १ | | |

## ३.४.४ सुशासन

| नतिजा | सूचक | वेसलाइन | लक्ष | | | | | प्रमाणित गर्ने आधारहरु | जिम्मेवारी | जोखिम अनुमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** :वालवालिकाहरुको भर्ना दरमा वृध्दि, कक्षा छोडने प्रवृत्तिमा कमी आई शैक्षिक गुणस्तरमा वृध्दि भएको हुनेछ | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | | | |
| | वालवालिकाको भर्ना दर | | | | | | | शिक्षा कार्यलयको प्रतिवेदन | नितु भण्डारी | |
| | वालवालिकाको कक्षा छोडने दर | | | | | | | शिक्षा कार्यलयको प्रतिवेदन | | |
| | उतीर्ण प्रतिशत | | | | | | | शिक्षा कार्यलयको प्रतिवेदन | | |
| **परिणाम १** : विधालयहरुले जवाफदेही भएर गुणस्तरिय शिक्षण कार्य गरिरहेका हुनेछन | जवाफदेहिताको औजार प्रयोग गर्ने विधालय संख्या | ० | ५% ले वृध्दि | १० % | १५ % | १५ % | ५० % | शिक्षा कार्यलयको प्रतिवेदन | | |
| | छात्रवृत्ति पाउने दलित वालवालिकाको संख्या | | | | | | | शिक्षा कार्यलयको प्रतिवेदन | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.१** : विधालय व्यवस्थापन समिति र शिक्षकहरुको जवाफदेहिताको औजार सम्वन्धि ज्ञान तथा सीपको र SIP बनाउने सीपको अभिवृध्दि भएको हुनेछ | जवाफदेहिताको औजार तालिममा सहभागी विधालय संख्या | | ५% ले वृध्दि | १० % | १५ % | १५ % | ५० % | विधालयको प्रतिवेदन | | |
| | SIP बनाउने विधालय संख्या | | ५% ले वृध्दि | १० % | १५ % | १५ % | ५० % | SIP | | |
| | भौतिक सामाग्री पाउने विधालय संख्या | | | | | | | भरपाई रेर्कर्ड,फोटो | | |
| **प्रतिफल १.२** : महिला मैत्री शौचालयको संख्या वृध्दि भएको हुनेछ | महिला मैत्री शौचालयको संख्या | ५ | १ | २ | ३ | ४ | १५ | फोटो,प्रतिबेदन | | |
| परिणाम २ : स्थानीय सभा, संजाल र जिल्ला स्थित निजी सरकारी कार्य समुहले दवावमुलक कार्य गरिरहेका हुनेछन् | स्थानीय सभा, संजाल र जिल्ला स्थित निजी सरकारी कार्य समुहले संचालन गरेका क्रियाकलापको संख्या | | | | | | | प्रतिबेदन,फोटो,सहभागि संख्या र निर्णहरु | | |
| प्रतिफल २.१. : स्थानीय सभा, संजाल र जिल्ला स्थित निजी सरकारी कार्य समुह गठन भएको हुनेछ | स्थानीय सभाको संख्या | | | | | | | बैठक पुस्तिका | | |
| | संजालको संख्या | | | | | | | निर्णय पुस्तिका | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला स्थित निजी सरकारी कार्य समुहको संख्या | | | | | | | निर्णय पुस्तिका | | |
| प्रतिफल २.१. :स्थानीय सभा, संजाल र जिल्ला स्थित निजी सरकारी कार्य समुहको गुणस्तरिय शिक्षा, जवाफदेहिताका औजार प्रयोग सम्वन्धि दक्षता वृध्दि भएको हुनेछ | गुणस्तरिय शिक्षा, जवाफदेहिताका औजार प्रयोग सम्वन्धि तालिममा सहभागीस्थानीय सभा, संजाल र जिल्ला स्थित निजी सरकारी कार्य समुहको संख्या | | | | | | | सहभागिहरुको हाजिर पुस्तीका,फोटोहरु,तालिम प्रतिबेदन | | |

**३.४.५मानव अधिकार र शान्ती**

| नतीजा | सूचक | वेसलाइन | १ | २ | ३ | ४ | ५ | जिम्मेवार व्यक्ति | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव : समुदाय तथा राज्यपक्षबाट हुने मानव अधिकार हननका घटनाहरुमा कमी, भेदभाव र शोषणमा कमी आउनुको साथै मानिसको स्वच्छ वातावरणमा वांच्न पाउने अवस्थामा सुधार आएको हुनेछ । | मानव अधिकारका हननका घटना संख्या | १७५ | १५० | १२५ | १०० | ७५ | ५० | | राज्यले मानव अधिकार संरक्षण र प्रवर्धनलाई जोड दिएको हुनेछ र स्थानीय तह र अन्य निकायले कार्यान्वयन गरेका हुनेछ्न |
| परिणाम १ : राज्यका निकायहरुले मानव अधिकारका मुल्य मान्यता अनुसार आफनो कार्य सम्पादन गरिरहेका हुनेछने | प्रहरी हिरासतमा यातनाको संख्या | २ | १ | १ | ० | ० | ० | | ,, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विपदको समयमा राहत वितरणमा भएका भेदभावको घटना भएको संख्या | ३ गापा | १ गापा | ० | ० | ० | ० | | ,, |
| | वैदेशिक रोजगारीमा भएका मानव अधिकार हननका ठगी घटना संख्या | वार्षिक ५० ६० घटना | ५ प्रतिशत | १० | १५ | २० | २५ | | ,, |
| | महिला र पुरुषको ज्याला दर | २००/४०० | | | | | | | |
| परिणाम २ : समुदायले मानव अधिकार संरक्षण र प्रवर्धनलाई व्यवहारमा प्रदर्शन गरेको हुनेछन् | घरेलु हिंसाका घटनाको संख्या | ४० | ३५ | ३० | २५ | २० | १५ | | ,, |
| | पुरुष हिंसाका घटना संख्या (वैदेशिक रोजगारीमा गएका) | १५ | १० | ९ | ८ | ७ | ६ | | |
| | बोक्सी आरोपका घटनाका संख्या | ३ | १ | ० | ० | ० | ० | | |
| | कुटपिटका घटना संख्या | १४ | १० | ९ | ८ | ७ | ६ | | |
| | बहुविवाहको संख्या | ५ | ४ | ३ | २ | १ | ० | | |
| | मानव वेचविखनको संख्या | ८ | ७ | ६ | ५ | ४ | ३ | | |
| | बालश्रमको संख्या | ५० | ४५ | ४० | ३५ | ३० | २५ | | |
| | यौन दुर्व्यवहार घटनाका संख्या | ८ | ७ | ६ | ५ | ४ | ३ | | |
| | हिन्दु मुस्लिम विच हिंसात्मक घटना भएको संख्या | ३ | २ | १ | ० | ० | ० | | |
| परिणाम ३ : मानिसको स्वच्छ वातावरणमा वांच्न पाउने हकलाई | सार्वजनिक शौचालयको संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | ,, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समुदाय र राज्यका निकायले व्यवहारमा प्रयोग गरेको हुनेछन् | | | | | | | | | |
| | पोखरी, तलाउको संरक्षण भएको संख्या | ४ | ३ | २ | १ | ० | ० | | |
| | वालवालिकाको पार्क संख्या | ० | १ | १ | ० | ० | ० | | |
| प्रतिफल १.१ राज्यका निकायका प्रतिनीधिहरुको मानाव अधिकार सम्वन्धि ज्ञानको अभिवृध्दि भएको हुनेछ | तालिम प्राप्त प्रहरीको संख्या | १६ | २५ | २५ | २५ | २५ | २५ | | दातृ संस्थाबाट आवश्यक श्रोत प्राप्त भएको हुनेछ |
| प्रतिफल २.१ समुदायका मानिसहरुको मानव अधिकार सम्वन्धि ज्ञानको अभिवृध्दि भएको हुनेछ | तालिममा सहभागी हुने सहभागीहरुको संख्या | ० | १०० | १०० | १०० | १०० | १०० | | दातृ संस्थाबाट आवश्यक श्रोत प्राप्त भएको हुनेछ |
| स्थानीय तहमा मानव अधिकार संरक्षण अभियानकर्ता तयार गर्ने | | ० | ३ | ३ | ३ | ३ | ३ | | |
| स्थानीय तहमा नमुना मानव अधिकार स्थानीय तह बनाउने | नमुना मानव अधिकार स्थानीय तह | ० | | | | १ | १ | | |
| प्रतिफल २.२ | | | | | | | | | |
| प्रतिफल ३.१: समुदायमा स्वच्छ वातावरण सम्वन्धि ज्ञानको अभिवृध्दि भएको हुनेछ | तालिममा सहभागी हुने सहभाागीहरुको संख्या | ० | १०० | १०० | १०० | १०० | १०० | | ,, |
| | खुला दिशामुक्त गाउंपालिका | साविकको ३ गाविस | ३ | ४ | ५ | ६ | ७ | | |
| प्रतिफल ३.२ स्थानीय तहले वातावरण मैत्री स्थानीय शासन अवधारणा वारे सचेतना अभिवृध्दि भएको हुनेछ | वातावरण मैत्री स्थानीय शासन लागु गर्ने स्थानीय तह | १ | २ | ३ | ४ | ५ | ६ | | ,, |
| | | | | | | | | | |

३.५ **अनुगमन प्रणालीको विषेशता**

अनुगमन प्रणाली विषेशगरी अर्थपूर्ण तथा उपलब्धीमुलक नतिजा हासील गर्नका लागी गरिने हुदाँ यसका तपसिल बमोजिमका विशेषताहरु रहेका छन् ।

- कार्यक्रम/परियोजनाहरुलाई अन्तिम रुप दिनका लागि यो नियमित हुनुपर्छ ।
- समसामयिक र लचिलो हुनुपर्छ ।
- यो वास्तवीक तथा भरपर्दो हुनुपर्छ ।
- कम खर्चिलो हुनुपर्छ ।
- कार्यसमिति सदस्य तथा कर्मचारीहरुलाई हौसला प्रदान गर्दछ ।
- अनुगमन तथा सुधारात्मक प्रकृयालाई महत्व राख्दछ ।
- कार्यक्रम/परियोजनाहरुको कार्यलाई थप प्रभावकारी बनाउन सही मार्गमा निर्देशन गर्न मद्दत गर्दछ ।

३.६. **अनुगमनका चरणहरु**

यस संस्थाले तपसिल बमोजिमका अनुगमनका चरणहरु प्रयोगमा ल्याई अनुगमन प्रणाली कार्यान्वयन गर्न सक्नेछ ।

- तथ्याङ्क एवं जानकारी संकलन
- छानविन
- कार्यक्रम/परियोजनाहरुको निरीक्षण
- लिखित तथा मौखिक सुचना संकलन
- अर्न्तवार्ता (कार्यान्वयन पक्ष तथा उपभोक्ता)
- प्रत्यक्ष अवलोकन
- बैठक/छलफल
- अभिलेखिकरण
- स्थानिय ब्यक्ति तथा आयोजनामा संलग्न प्रतिनिधी,कर्मचारीहरु संग छलफल
- प्रश्नावली

सम्बन्धीत क्षेत्रमा काम गर्ने कर्मचारीले उपलब्ध गराएको प्रतिवेदन तथा कम्प्युटरमा भएको डाटालाई जाँच गर्न माथी उल्लेखित प्रकृया (चरणहरु) लाई अबलम्बन गर्न सकिनेछ ।

**परिच्छेद ३**

३.७. **परियोजना/कार्यक्रममा अनुगमन तथा मूल्याकंन विधि/प्रकृया**

संस्थाले संचालन गरिरहेको कार्यक्रम/परियोजनाहरुको अनुगमन तथा मूल्याकंन गर्नका लागि त्यसको आवश्यकता र महत्व बुझि तपसिल बमोजिमको प्रकृयाहरु अबलम्बन गर्न सकिनेछ ।

- **प्रत्यक्ष अवलोकन :** कार्यक्रम/परियोजनाहरुको गुणात्मक र संख्यात्मक परिवर्तन ल्याउन यस प्रकृयालाई अबलम्बन गर्न सकिनेछ। उदारहणका लागि : प्रत्यक्ष फिल्ड भिजिटमा गएर त्यहाँको वस्तु स्थितीलाई बुझेर गर्न सकिनेछ।
- **लक्षित समुह छलफल :** यो सहभागितात्मक प्रकृया हो। यसमा गुणात्मक परिवर्तन ल्याउनका लागि सम्बन्धीत व्यक्तिले तयार गरेको प्रतिवेदनमा पुनरावलोकन गर्न सकिनेछ। र यसबाट कार्यक्रम/परियोजनाहरु सहि दिशामा गइरहेको छ छैन जाँच गरेर वास्तविकता थाहा पाउन सकिनेछ।
- **अर्न्तवार्ता :** यस विधिवाट परिर्वतन हुनुको कारण र परिवर्तन हुनु पुर्वका कारणहरु पत्ता लगाउनुका साथै समुह छलफलबाट आएका तथ्यहरुको बारेमा मुख्य सरोकारवाला व्यक्तिहरु संग अर्न्तवार्ता गरी छलफल गर्न सकिनेछ।
- **पाइलट विधि :** यस विधिलाई सहभागितात्मक बनाउन मूल्याकंनको कृयाकलापमा मुख्य सरोकारवालाहरुलाई समावेश गर्न सकिनेछ भने सर्वेमा उनिहरुको प्रतिनिधित्व सुनिशिच्त गर्न सकिनेछ।
- **प्रश्नावली :** यो सहभागितात्मक विधि भएकोले कार्यक्रम/परियोजना संग सम्बन्धित धेरै भन्दा धेरै सरोकारवालाहरुलाई सहभागी गराउन सकिनेछ।
- **बलियो, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण :** मुल्याकंनको नतिजा र गुणात्मक तथ्याङ्कलाई एकिकृत गर्न बलियो, कमजोर पक्ष, अवसर र चुनौतीहरुको पहिचान गर्न सकिनेछ।

### ३.८. संस्थामा अनुगमन तथा मूल्याकंनको क्षेत्र

सूचना र मानव अधिकार अनुसन्धान केन्दले कार्यक्रम/परियोजनाहरु संचालन गरिरहेको क्षेत्र वा जिल्लामा (प्रदेश नं . ७) अनुगमन तथा मूल्याकंन गर्ने क्षेत्र रहनेछ । हाल यस संस्थाले कार्यक्रम/परियोजना संचालन गरिरहेको दाङ, बाँके, सल्यान र प्युठान जिल्ला रहेको क्षेत्रमा अनुगमन तथा मूल्याकंन गर्न सकिनेछ।

- अनुगमन :
- लगानी :
- अपेक्षित प्रतिफल :
- मूल्याकंन :
- सान्दर्भिकता :
- प्रभावकारीता :
- कार्यदक्षता :
- प्रभाव :
- दिगोपना :

३.९. तथ्याङ्क संकलन विधि

संस्थाले संचालन गर्ने कुनै पनि कार्यक्रम/परियोजनाहरुको तथ्याङ्क संकलनका लागि निम्न बमोजिमका विधिहरु अपनाउन सकिनेछ ।

- चेक लिष्ट
- फिल्ड अनुगमन
- लक्षीत समुह छलफल
- अवलोकन
- फरमेंट
- तालिम/गोष्ठी
- अर्न्तवार्ता
- प्रश्नावली
- भेटघाट
- मासिक, त्रैमासिक र वार्षीक प्रतिवेदन